**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

मेलौली नगरपालिका

# स्थानीय राजपत्र

खण्डः२ संख्याः ११ मितिः २०७५/०३/१८

**भाग-२**

## मेलौली नगरपालिका

# एकल पुरुष तथा टुहुरा बालबालिका सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धि कार्यविधि, २०७५

मेलौली नगरपालिका, बैतडी

# मेलौली नगरपालिका

## एकल पुरुष तथा टुहुरा बालबालिका सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धि कार्यविधि, २०७५

## २०७५ सालको नियम नं. ११

स्वीकृत मितिः२०७५।०३।१८

**प्रस्तावना**

मेलौली नगरपालिका अन्तर्गत रहका एकल पुरुष तथा टुहुरा बालबालिका सामाजिक सुरक्षा नागरिकको सामाजिक सुरक्षा र लैङ्गिक समानता सुनिश्चित गर्ने उद्देश्यले मेलौली नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम मेलौली नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**मेलौली नगरपालिका एकल पुरुष तथा टुहुरा बालबालिका सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी कार्यविधि, २०७५**" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाको बैठकले पारित गरि स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क. "एकल पुरुष" भन्नाले आफ्नो पत्निको मृत्यु पश्चात अर्को विवाह नगरी बसेका पुरुषलाई सम्झनु पर्नेछ ।

ख. "टुहुरा बालबालिका" भन्नाले आमा बुबा नभएका १५ बर्षमुनिका टुहुरा बालबालिकाहरुलाई सम्झनु पर्नेछ ।

ग. "नगरपालिका" भन्नाले मेलौली नगरपालिका सम्झनु पर्नेछ।

घ. "कार्यालय" भन्नाले मेलौली नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्नेछ।

ङ. "वडा कार्यालय" भन्नाले मेलौली नगरपालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालयलाई सम्झनु पर्नेछ।

च. "प्रमुख" भन्नाले मेलौली नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

छ. "उप-प्रमुख" भन्नाले नगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्नेछ।

ज. "भत्ता" भन्नाले दफा ३ बमोजिमको रकम सम्झनु पर्नेछ।

**३. भत्ता पाउनेः** (१) देहायका बमोजिमका नागरिकले मात्र एकल पुरुष भत्ता पाउन योग्य हुनेछ :

क. नेपाली नागरिक,

ख. मेलौली नगरपालिका क्षेत्र भित्र स्थायी बसोबास गर्ने,

ग. पत्निको मृत्यु भई अर्को विवाह नगरेको,

घ. एकल पुरुषको उमेर कम्तीमा ५० वर्ष हुनुपर्ने

ङ. टुहुरा बालबालिकाको उमेर १५ बर्ष मुनिको भएमा ।

**४. भत्ता नपाउने :** दफा (३) बमोजिम योग्यता पुगेका भएतापनि देहाय बमोजिमकोनागरिकले यस कार्यविधि बमोजिमको एकल पुरुष सामाजिक सुरक्षा भत्ता पाउने छैनः

क. कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्त, निर्वाचित, मनोनीत भएका नागरिक,

ख. सरकारी कोषबाट निवृत्तिभरण पाइरहेका नागरिक,

ग. प्रचलित कानुनबमोजिम अन्य सामाजिकसुरक्षा भत्ता लिई रहेका नागरिक वा लिने नागरिक।

**५. भत्ता रकम र वितरण :** (१) एकल पुरुषले मासिक १५००।- का दरले भत्ता पाउने छ।

(२) उपदफा (१) बमोजिमको भत्ता सम्बन्धित वडा कार्यालयबाट भत्ता वितरण गर्ने अधिकारीले अन्य सामाजिक सुरक्षा भत्ता वितरण गर्ने समयमा वितरण गरिनेछ।

**६. निवेदन दिनु पर्ने :**(१) दफा (३) बमोजिमको भत्ता पाउने नागरिकले सम्बन्धित वडा कार्यालयमा अनुसूची १ बमोजिमको निवेदन दिनुपर्नेछ।

(२)उपदफा (१) बमोजिमको निवेदन साथ देहायको कागजात निवेदकले प्रमाणित गरि संलग्न गर्नुपर्नेछ।

क. नागरिकता प्रमाण-पत्र प्रतिलिपि

ख. पत्निको मृत्यु दर्ता प्रमाण-पत्रको प्रतिलिपि

(३) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा वडा कार्यालयले पन्ध्र दिनभित्र आवश्यककारबाही गरि निर्णय गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम कारबाही गर्दा एकल पुरुष भत्ता नपाउने देखिएमा कारण खुलाई सोको लिखित जानकारी निवेदकलाई दिनु पर्नेछ ।

(३) उपदफा (३) बमोजिमको कारबाही गर्दा एकल पुरुष भत्ता पाउने देखिएमा वडा कार्यालयले नगरपालिकामा सिफारिस गरि पठाउनु पर्नेछ।

मेलौली नगरपालिका, बैतडी

७. **परिचयपत्र** :(१)यस कार्यविधि बमोजिम एकल पुरुष भत्ता पाउने नागरिकलाई नगरपालिकाले अनुसूची-२ बमोजिम परिचय पत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परिचयपत्र नलिएका नागरिकले एकल पुरुष भत्ता पाउने छैन ।

(३) उपदफा (१) बमोजिम प्राप्त भएको परिचय-पत्र हराए वा प्रयोग गर्न नमिल्ने भएमारु. १००।- प्रतिलिपि दस्तुर संलग्न गरिकार्यालयमा अनुसूची-३ बमोजिमको निवेदन दिई प्रतिलिपि लीन सकिनेछ ।

८. **अभिलेख राख्नु पर्ने** :(१)नगरपालिकाले यस कार्यविधि बमोजिम एकल पुरुष भत्ता पाउने नागरिकको विवरण र वितरण गरिएको एकल पुरुष भत्ताको अभिलेख अनुसुची-४ बमोजिम राख्नु पर्नेछ ।

(२)वडा कार्यालयले दफा ६ बमोजिम परेको निवेदनको अभिलेख अनुसूची-५ बमोजिम राख्नु पर्नेछ ।

९. **अभिलेखबाट नाम हटाउने** : (१) नगरपालिकाले देहायको अवस्थामा एकल पुरुष भत्ता पाउने नागरिकको नाम अभिलेखबाट हटाउनेछः

क. एकल पुरुषले विवाह गरेमा,

ख. बसाइ सरी अन्यत्र गएमा,

ग. प्रचलित कानुन बमोजिम अन्य सुरक्षा भत्ता लिएमा,

घ. मृत्यु भएमा,

ङ. टुहुरा बालबालिकाको उमेर १५ बर्ष पुरा भएमा ।

१०.**कसुर र सजायः** (१) कसैले देहायको कार्य गरेमा यस कार्यविधि बमोजिम कसुर गरेको मानिनेछ :

क. विवरण ढाँटी भत्ता लिएमा,

(२) कसैले उपदफा (१) को खण्ड (क) बमोजिमको कसुर गरेमा त्यस्तो कसुर गर्ने व्यक्तिले लिएको रकम असुल गरि निजलाई बिगो बराबरको जरिवाना हुनेछ ।

११.**अनुगमन सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधी बमोजिम सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको अभिलेख व्यवस्थापन तथा भत्ता वितरणको अनुगमन उपाध्यक्ष वा निजले तोकेको नगरपालिकामा कुनै सदस्य वा कर्मचारीले गर्नेछ ।

१२.**प्रतिवेदन दिनु पर्नेः** (१) एकल पुरुष तथा टुहुरा बालबालिका सामाजिक सुरक्षा भत्ता वितरण गरेको विवरण वडा कार्यालयले चौमासिक रुपमा नगरपालिकालाई दिनु पर्नेछ ।

**१३.संशोधनः** (१) नगर कार्यपालिका बैठकको निर्णयले यस कार्यविधि संशोधन गर्न सकिने छ ।

**१४.बाधा अड्काउ फुकाउने :** (१) यस कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा परेमा नगर कार्यपालिकाले आवश्यक निर्णय गरि त्यस्तो बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्नेछ ।

**१५. बचाउः** (१) यस कार्यविधि लागू हुनु भन्दा अगावै कुनै निवेदन सम्बन्धित वडा कार्यालयमा परिसकेको भए यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

मेलौली नगरपालिका, बैतडी

**अनुसूची १**

(दफा ६ को उपदफा १ सँग सम्बन्धित)

नाम दर्ताको लागि दिने निवेदनको ढाँचा

मितिः.......................

**श्रीमान् ,अध्यक्ष ज्यू**
**.... नं वडा कार्यालय**
**मेलौली नगरपालिका**
**मेलौली,बैतडी**

**विषयः नाम दर्ता गर्ने सम्बन्धमा ।**

म निवेदक मेलौली नगरपालिका एकल पुरुष सामाजिक तथा टुहुरा बालबालिका सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ बमोजिम भत्ता पाउनका लागि योग्य भएकोले नयाँ नाम दर्ता गरी दिनु हुन देहायको विवरण सहित यो निवेदन पेश गरेको छु ।

**व्यक्तिगत विवरण**

नाम, थर : ............................................................

बाबु/आमाको नाम र थर ...............................................

जन्म मिति (वि.स) : ..................................................

स्थायी ठेगान : जिल्लाः **बैतडी**, नगरपालिकाः **मेलौली**

वडा नं. ..................., टोल/नगर ..............

ना.प्र.प. नं ........................... जारी मितिः ...................

पत्नीको नाम, थर ........................................................

पत्नीको मृत्यु भएको मितिः ................ मृत्यु दर्ता नं. ..........

मृत्यु दर्ता जारी गर्ने निकाय : .........................................

फोटो

**संलग्न कागजात :**

१. निवेदकको नागरिकता वा जन्म दर्ताको प्रमाणित प्रतिलिपि

२. एकल पुरुषको हकमा पत्नीको मृत्यु दर्ताको प्रमाणित प्रतिलिपि वा टुहुरा भएको प्रमाण खुल्ने पत्र ।

३. फोटो २ प्रति

(मैले राज्यकोष बाट कुनै परिश्रमिक, निवृत्तिभरण, सामाजिक सुरक्षा भत्ता वा यस्तै प्रकारका कुनै अन्य सुविधा पाएको छैन । उल्लिखित व्यहोरा ठीक, साँचो हो, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउला।)

निवेदक
(हस्ताक्षर)

**सम्बन्धित वडा कार्यालयले भर्नेः**

दर्ता नं. ...................    निवेदनरुजु गर्नेको नाम, थर र पद : .............

दर्ता मिति :....................    सहिः.............

---

**नगर कार्यपालिकाको कार्यालयले भर्ने :**

नाम दर्ता गर्ने निर्णय मिति :................    विवरण भर्नेको नाम, थर र पद :: ...........

परिचय पत्र नं :................................    सहिः..................

भत्ता पाउने सुरु आ.वा. २०.../......    कार्यालयको छापः

## परिचय-पत्रको नमुना

स्थानीय सरकार
मेलौली नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

**एकल पुरुष सामाजिक सुरक्षा परिचय-पत्र**

फोटो

परिचय-पत्र नं. ...........
नाम, थर : ....................................................
नागरिकता प्रमाण-पत्र नं. ................................
ठेगाना :जिल्लाः **बैतडी** नगरपालिका : **मेलौली**
वडा नं : ................., टोल/नगर : .................
जन्म मिति (वि.स.): .......................................
बाबुको नाम, थर : .......................................

प्रमाणित गर्ने अधिकारी
दस्तखतः
नाम, थरः
पद :

अनुसूची - ३
(दफा ७ को उपदफा ३ संग सम्बन्धित)

प्रतिलिपि पाउ भनि दिने निवेदनको ढाँचा

मितिः.......................

श्रीमान् ,
कार्यालय प्रमुख ज्यू
मेलौली नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी ।

**विषयः प्रतिलिपि पाउ भन्ने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा म निवेदकको एकल पुरुष तथा टुहुरा बालबालिका सामाजिक सुरक्षा भत्ता परिचय-पत्र नं .......... को परिचय-पत्र (हराएको / प्रयोग गर्न नमिल्ने भएको) हुनाले एकल पुरुष भत्ता वितरण सम्बन्धी कार्यविधिको दफा ७ को उपदफा (३) बमोजिम प्रतिलिपि दस्तुर निवेदन साथै राखी परिचय-पत्र को प्रतिलिपि पाउ भनि सदर अनुरोध गर्दछु ।

संलग्न कागजातः
( ) १. नागरिकता प्रमाण-पत्र वा जन्म दर्ताको प्रमाण पत्र को प्रमाणित प्रतिलिपि
( )२. एकल पुरुष वा टुहुरा बालबालिकाको परिचय-पत्रको प्रमाणित प्रतिलिपि
( ) ३. फोटो १ प्रति
*(संलग्न गरिएको कागजातमा ✔ लगाउने)*

निवेदक
नाम,थर :
पुरा ठेगानाः
सम्पर्क नं.:
हस्ताक्षरः

मेलौली नगरपालिका, बैतडी

अनुसूची-४

(दफा ८ को उपदफा १ संग सम्बन्धित)

एकल पुरुष सामाजिक सुरक्षा भत्ताप्राप्त गर्ने लाभग्राहीहरुको मूल अभिलेख

नगरपालिकाः मेलौली आर्थिक वर्षः ..................... किस्ताः ......................

| सि.नं. | परिचय पत्र नं. | नाम | जन्म मिति (वि.स.) | उमेर | वडा नं. | नागरिकता नं | मासिक भत्ता | जम्मा पाउने | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

मेलौली नगरपालिका, बैतडी

अनुसूची-५

(दफा ८ को उपदफा २संग सम्बन्धित)

एकल पुरुष सामाजिक सुरक्षा भत्ता सम्बन्धी निवेदनको अभिलेख

नगरपालिकाः मेलौली वडा नं. .................. आर्थिक वर्षः ....................

| सि.नं. | निवेदन नं. | निवेदकको नाम | निवेदन दर्ता भएको मिति | उमेर | जन्म मिति (वि.स.) | नागरिकता नं र जारी भएको मिति | निवेदन उपर भएको कारवाही | निवेदन उपर भएको कारवाही मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

आज्ञाले,

लोकेन्द्र सिंह नेगी

प्रमुख प्रशासकीय अधिकृत

मेलौली नगरपालिका, बैतडी